यस व्यास नगरकार्यपालिकाको १७८ औं बैठक आज मिति २०८०/०९/११ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री गंगालाल सुवेदी | उपस्थित |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| वरिष्ठ आ.ले.प. अधिकृत | - श्री कुमार कंचन जि.सी. | उपस्थित |
| वरिष्ठ प्रशासकीय अधिकृत | - श्री राजेन्द्र कार्की | उपस्थित |
| सिनियर ईन्जिनियर | - डा. राजु पौडेल | उपस्थित |
| जनस्वास्थ्य अधिकृत | - श्री प्रमोद सोती | उपस्थित |

| | | |
|---|---|---|
| अधिकृत सातौं | - श्री रामचन्द्र हड्खले | उपस्थित |
| ईन्जिनियर | - श्री रविन्द्रलाल मुल | उपस्थित |
| कम्प्युटर अधिकृत | - श्री गोकर्णराज वाग्ले | उपस्थित |
| ईन्जिनियर | - श्री अमृत के.सी. | उपस्थित |
| स.लेखा अधिकृत | - श्री हेमन्त गुरुङ्ग | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८०/०८/२२ को निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: ४० औं नगर सभाको तयारी सम्बन्धमा ।
प्रस्ताव नं.३: आ.व.२०८०/०८१ को सडक बोर्डको कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.४: दमौली अस्पतालमा चिकित्सक सेवा उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.५: व्यास ९ लक्ष्मी आधारभूत विद्यालयमा दरबन्दी व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.६: राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा व्यास नगरपालिकाको नतिजा सम्बन्धमा ।
प्रस्ताव नं.७: आवधिक योजनाको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.८: सल्लाहकार, परामर्श समितिसँगको समीक्षामा सहभागी विज्ञहरुलाई धन्यवाद दिने सम्बन्धमा ।
प्रस्ताव नं.९: नगरको गौरवका आयोजनाहरुको निर्धारण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१०: विगत ६ वर्षमा सम्पन्न योजना वा कार्यक्रम नगर सभामा पेश गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११ : शाखा/उपशाखासँग नगर पदाधिकारीहरुको नियमित बैठक सम्बन्धमा ।
प्रस्ताव नं.१२: वित्तीय साक्षरता कक्षाका लागि वडा थप गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१३: ठेक्का स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.१४: विज्ञापन कर पुनः ठेक्का लगाउने सम्बन्धमा ।
प्रस्ताव नं.१५: डेंगु रोग नियन्त्रण सम्बन्धमा ।
प्रस्ताव नं.१६: स्लेट ढुङ्गा उत्खनन् तथा कटिङ्ग उद्योग सञ्चालन कार्यविधि, २०७७ संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.१७: आ.व.२०८०/०८१ का कार्यक्रमहरुको प्रगती विवरण सम्बन्धमा ।
प्रस्ताव नं.१८: माहेन्द्रज्योति मा.वि. नि.मा.वि. दरबन्दीको विषय परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.१९: प्रधान अध्यापक पदस्थापन अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.२०: नगर खेलकुद समिति सदस्य मनोनयन सम्बन्धमा ।
प्रस्ताव नं.२१: छात्रवृत्ति गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२२: सामुदायिक सिकाई केन्द्रमा शिक्षक व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.२३: बैरेनी एकीकृत जग्गा विकास योजनामा थप र्काका लागि टेण्डर लगाउने सम्बन्धमा ।
प्रस्ताव नं.२४: २०८० मंसिर मसान्तसम्मको आन्तरिक आय सम्बन्धमा ।
प्रस्ताव नं.२५: संघीय समपुरक तथा संघीय विशेष आयोजना प्रस्ताव सम्बन्धमा ।
प्रस्ताव नं.२६: जग्गा गैह्र कृषिमा परिवर्तन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२७: विपद्जन्य एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरुमा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.२८: नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८० पूर्ण पालना गर्ने प्रतिवद्धता सम्बन्धमा ।
प्रस्ताव नं.२९: कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८० कार्यान्वयन सम्बन्धमा ।
प्रस्ताव नं.३०: व्यास नगरपालिका जलश्रोत कार्यविधि २०७८ संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.३१: सेवा करार सम्झौता गरी कामकाज लगाउने सम्बन्धमा ।

प्रस्ताव नं.३२: एपेक्स हस्पिटालिटी लि. वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा ।

प्रस्ताव नं.३३: पुराना कागज धुल्याउने सम्बन्धमा ।

प्रस्ताव नं.३४: किसान सूचीकरण सहजकर्ता सिफारिस सम्बन्धमा ।

प्रस्ताव नं.३५: भ्रमण खर्च सम्बन्धमा ।

प्रस्ताव नं.३६: प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम सञ्जाल गठन सम्बन्धमा ।

प्रस्ताव नं.३७:: नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रमको लागत साझेदारी प्रतिवद्धता सम्बन्धमा ।

प्रस्ताव नं.३८: सम्परीक्षण गराउने सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/०८/२२ को बैठकका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/९/२५ गते आयोजना गरिएको ४० औं नगर सभामा मिति २०८०/९/२० गतेसम्म निम्न विषयहरुमा बैठक बसी प्रस्तावहरु पेश गर्न सम्बन्धित समितिलाई निर्देशन दिने निर्णय गरियो ।

(क) अनुमानित आय तथा व्यय सम्बन्धमा अर्ध-वार्षिक समीक्षा, संशोधन – राजश्व परामर्श समिति ।
(ख) सम्बन्धित शाखाहरुबाट प्राप्त सुझाव समेतका आधारमा पारित ऐन संशोधन तथा नयाँ विधेयक प्रस्ताव – विधायन समिति ।
(ग) सम्बन्धित विषयगत समितिहरुको विगत अवधिको समीक्षा र नगर सभामा पेश गर्नुपर्ने प्रस्तावहरु ।
(घ) ३९ औं नगर सभामा पारित नीति तथा कार्यक्रमको समीक्षा प्रस्तुती – प्र.प्र.अ./नगर प्रमुख ।
(ङ) वडास्तरीय बजेट, कार्यक्रम संशोधन समेत पेश गर्ने – वडा कार्यालय ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७९/०८० मा सडक बोर्ड अन्तर्गत प्रस्तावित कार्यक्रमहरु सम्बन्धित सडक बोर्ड कार्यालयबाट स्वीकृत हुन नसकी कार्यक्रम गर्न नसकिएकाले यस आ.व.२०८०/०८१ का लागि रू.९५,००,०००। संघीय सरकार मातहतबाट प्राप्त भई व्यास नगरपालिकाको लागत सहभागिता रू.४०,७२,०००। समेतबाट रू.१,३५,७२,०००। को प्रस्तावित कार्यक्रमहरु स्वीकृतिका लागि सडक बोर्ड कार्यालय काठमाण्डौंमा पठाउने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा दमौली अस्पताललाई ५० बेडको अस्पतालमा स्तरीकरण गर्न यस अघि पटक-पटक प्रदेश सरकारसँग अनुरोध गर्दै आएको सन्दर्भ स्मरण गर्दै उक्त स्तरीकरण नभइसकेको हालको अवस्थामा दमौली अस्पतालमा सुत्केरी महिलाको अप्रेशन सेवालाई निरन्तरता दिन यस आर्थिक वर्ष ६ महिनाका लागि सम्बन्धित २ जना चिकित्सक (Gyno+Anesthesia) को पारिश्रमिक वापत रू.६,००,०००। (छ लाख) दमौली अस्पताललाई अनुदान उपलब्ध गराउन आगामी नगर सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.९ बसाहस्थान मा.वि.को रिक्त नि.मा.वि. तहको नेपाली विषयको दरबन्दीलाई गरी ऐ. वडा नं.९ कै लक्ष्मी आधारभूत विद्यालयको गणित राहत नि.मा.वि. दरबन्दी बसाहस्थान मा.वि.मा मिति २०८०/८/२२ को बैठकबाट कायम भई शिक्षक सरुवा समेत भएकाले उक्त विद्यालयको नि.मा.वि. तहको रिक्त दरबन्दी लक्ष्मी आधारभूत विद्यालयमा कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/९/९ देखि निर्मल मा.वि.मा सञ्चालित राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा व्यास नगरपालिका अन्तर्गतका विद्यालयहरुका विद्यार्थीहरुले १५ स्वर्ण, १ रजत, ९ कास्य समेत २५ पटक प्राप्त गरी जिल्ला प्रथम भएकाले सम्बन्धित खेलाडी सबै विद्यार्थीहरुलाई हार्दिक बधाई ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/८/२२ को निर्णयानुसार मिति २०८०/९/४ गते व्यास नगर सभा कक्षमा आवधिक योजनाको समीक्षाको आयोजना गरिएको र सो आवधिक योजना यस आर्थिक वर्षमा अन्तिम हुने भएकोले त्यसको लक्ष प्राप्ति र अधुरो अवस्थाको समीक्षा प्रतिवेदन आगामी नगर सभामा पेश गर्न र आगामी ५ वर्षका लागि पञ्चवर्षीय योजनाको तयारीका लागि प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८ :** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/९/४ गते भएको आवधिक योजनाको समीक्षा कार्यक्रममा सहभागी भई आफ्ना अमूल्य सुझाव प्रदान गर्नुहुने संविधान सभाका सदस्य श्री रामचन्द्र पोखेल, योजना आयोगका पूर्व उपाध्यक्ष श्री जगदिशचन्द्र पोखेल, गण्डकी प्रदेश नीति तथा योजना आयोगका पूर्व उपाध्यक्ष श्री रघुराज काफ्ले लगायतलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९ :** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा आगामी नगर सभामा गौरवका योजनाहरु बढीमा १५ आयोजनाहरु प्रस्ताव गर्न पूर्वाधार विकास समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा विगत ६ वर्षमा (आ.व.२०७४/०७५-२०७९/०८०) यस नगरपालिकाबाट सम्पन्न विकास आयोजनाहरु र महत्वपूर्ण कार्यक्रमहरुको विवरण आगामी ४० औं नगर सभामा पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गतका शाखा/उपशाखाका पदाधिकारी र नगरपालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता र विषयगत समितिका संयोजकहरुको नियमित बैठक हरेक महिनाको ५ गते ठिक १:०० बजे कार्यालयमा गर्ने र उक्त दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन गर्ने गरी नगरपालिकाका विभिन्न कार्यहरुको मासिक प्रगति समीक्षा गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा सुरक्षित आप्रवासन कार्यक्रम (सामी) अन्तर्गत हरेक वर्ष सञ्चालन गरिने वित्तीय साक्षरता कक्षाका लागि एक आर्थिक वर्षमा कम्तिमा ४ वटा कक्षाहरु सञ्चालन हुनुपर्नेमा यस आर्थिक वर्षका लागि छनौट गरिएको वडा नं.४ र ६ मा गरी जम्मा ३ वटा कक्षाहरु मात्र सञ्चालन हुँदै आएकोले थप १ वटा कक्षाका लागि हालसम्म वित्तीय साक्षरता कक्षा सञ्चालन नगरिएको वडाहरु मध्ये वडा नं.३ लाई उक्त कार्यक्रमका लागि छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा तपशिलमा उल्लेखित निर्माण ठेक्काको लागि विद्युतीय दरभाउपत्र आब्हान गरिएकोमा मूल्याङ्कन समितिको सिफारिसमा तपसिलमा उल्लेखित दरभाउपत्र स्वीकृत गरी निर्माण सम्झौता प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

तपशिल

| सि.नं. | योजनाको नाम | फर्मको नाम | कबोल अंक (मू.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | शित भण्डारमा कम्पाउण्ड, शौचालय लगायतको कार्य (ठेक्का नं. RE०८/Works/vyasmun/२०८०।०८१) | श्री बेलु निर्माण सेवा व्यास २ दमौली तनहुँ | रु.१४,३९,५५१।९४ | |

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा पटक-पटक सूचना प्रकाशित गर्दा समेत विज्ञापन करको ठेक्का नपरेको हुँदा प्रदेश आर्थिक ऐन, २०८० बमोजिम दोश्रो पटक सूचना प्रकाशित गर्दा समेत ठेक्का नपरेको खण्डमा बढीमा २० प्रतिशत रकम घटाई पुनः ठेकका लगाउन सक्ने प्रावधान भएको हुँदा साविकमा कायम गरिएको दुई आर्थिक वर्षको लागि रू.२४,००,०००। को १९ प्रतिशत रकम घटाई आउने रकम रू.१९,४४,०००। (उन्नाइस लाख चौवालिस हजार) मात्रमा दुई आर्थिक वर्ष (२०८०/०८१ र २०८१/०८२) को लागि पुनः १५ दिने सूचना प्रकाशित गरी ठेक्का प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा दमौली क्षेत्र डेंगु रोगको महामारी भएकाले डेंगु नियन्त्रण कार्यमा ल्यावजन्य सामाग्री खरिद गरेवापत दमौली अस्पताललाई रू.१,४८,०००। अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका स्लेट ढुङ्गा उत्खनन् तथा कटिङ्ग उद्योग सञ्चालन कार्यविधि, २०७७ को निम्न दफाहरु संशोधन गर्ने निर्णय गरियो ।

| क.सं. | हाल कायम रहेको | संशोधन गरिनुपर्ने |
|---|---|---|
| १. | कार्यविधिको दफा ६ को (क) मा : न्यूनतम १ रोपनी क्षेत्रफल भएको जग्गाधनी प्रमाण पत्र वा भाडामा लिएको भए कम्तिमा ५ वर्षसम्मको स्थानीय जनप्रतिनिधिहरुको रोहवरमा प्रयोजन खुल्ने गरी नियमानुसार गरिएको जग्गा भाडामा लिने सम्झौताको पत्र भन्ने सट्टामा | न्यूनतम ८ (आठ) आना क्षेत्रफल भएको जग्गाधनी प्रमाण पत्र वा भाडामा लिएको भए कम्तिमा ३ वर्षसम्मको प्रयोजन खुल्ने गरी नियमानुसार गरिएको जग्गा भाडामा लिने सम्झौताको पत्र भन्ने कायम गरिनु पर्ने । |
| २. | कार्यविधिको दफा ६ को (च) मा : पृथ्वी राजमार्गबाट कम्तिमा २५ मिटर र सहायक मार्गबाट कम्तिमा १५ मिटर बाहिर भन्ने सट्टामा | पृथ्वी राजमार्गबाट कम्तिमा २० मिटर र सहायक मार्गबाट कम्तिमा १० मिटर बाहिर भन्ने कायम गरिनु पर्ने । |
| ३. | कार्यविधिको दफा १३ को (३) मा : दफा १३ को उपदफा (१) र (२) बमोजिम म्याद भित्र नवीकरण नभएको अनुमती पत्र स्वतः खारेज हुनेछ भन्ने सट्टामा | १२ को दफा (१) र (२) बमोजिम म्याद भित्र नवीकरण नभएको अनुमती पत्र स्वतः खारेज हुनेछ" कामय गरिनुपर्ने । |

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८०/०८१ को उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने कुल ५०५ योजना मध्ये कार्य सम्पन्न ६६, सम्झौता भई कार्य भइरहेको १७८, सम्झौता हुन बाँकी २६१ योजनाहरु ठेक्का मार्फत सञ्चालन गरिने कुल योजना ३९, सम्पन्न ७, सम्झौता सम्पन्न २८, सम्झौता नभएको ३, सूचना प्रकाशित भएको १ समेत कुल योजना ५४४ मध्ये सम्पन्न ७३ सम्झौता भएको २०६, सम्झौता हुन बाँकी २६४, सूचना प्रकाशित १ गरी समग्र सम्पन्न र सम्झौता भएको ५१.५% र सम्झौता नभएको ४८.५% शहरी विकास तथा पूर्वाधार शाखाबाट विवरण प्राप्त भएकाले सम्झौता भई अधुरो रहेको र सम्झौता नभएका योजनाहरुलाई विशेष प्राथमिकतामा राखी कार्य गर्न गराउन सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा श्री महेन्द्रज्योति माध्यमिक विद्यालय व्यास ६ शिशाघाटमा कार्यरत नि.मा.वि. स्थायी सामाजिक शिक्षक श्री ऋषिराम वाग्ले व्यास ५ नेपालटार स्थित जनजुक्त मा.वि. मा स्थानान्तरण भई महेन्द्रज्योति मा.वि.मा रिक्त हुन गएको सामाजिक विषयलाई अर्को सोही समान तह र विषयको सोही विद्यालयमा दरबन्दी रहेकाले रिक्त दरबन्दीलाई विज्ञान विषयको शिक्षक नभएकाले विज्ञान विषय कायम हुने गरी विषय परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा तपसिल बमोजिमका विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएका शिक्षकहरुलाई सम्बन्धित विद्यालयको प्रधानाध्यापक पदमा गरिएको नियुक्तिलाई अनुमोदन गर्ने निर्णय गरियो ।

(क) श्री मदन अधिकारी, श्री जनकल्याण आधारभूत विद्यालय– व्यास ११
(ख) श्री अग्नीप्रसाद ढकाल, श्री लक्ष्मी आधारभूत विद्यालय – व्यास ९

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा नगरस्तरीय खेलकुद समितिका सदस्य व्यास ४ निवासी श्री चोकबहादुर थापा धेरै लामो समय जिल्ला बाहिर रहनु भएकोले वहाँको सहयोगका लागि धन्यवाद ज्ञापन गर्दै वहाँको अनुपस्थितिबाट रिक्त रहेको सदस्य पदमा व्यास ४ निवासी श्री चन्द्रकुमार गुरुङ्गलाई मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाभित्र बसोवास गर्ने प्राविधिक विषय अध्ययनरत प्रतिभावान कक्षा ११, १२ स्नातक, स्नातकोत्तर तह अध्ययनरत छात्र-छात्राहरुको सम्बन्धित विद्यालयबाट छात्रबृत्तिका लागि केही सिफारिस प्राप्त भएको र गरिब तथा विपन्न अन्य छात्र-छात्राहरुले पनि छात्रबृत्तिका लागि सहभागी हुन पाउन भन्ने उद्देश्यले पौष महिनाभित्र सम्बन्धित विद्यार्थीहरुलाई शिक्षा शाखामा सम्पर्क गरी दरखास्त विवरण भर्न सूचना प्रकाशित गर्ने निर्णय गरियो । साथै उक्त विवरण भर्दा सम्बन्धित वडाको विपन्न वा दलित जनजाती प्रमाणित सिफारिस र सम्बन्धित विद्यालय वा क्याम्पसको जेहेन्दार र नियमित पढिरहेको भन्ने प्रमाण समेत माग गर्ने एवं विपन्न समेतको सिफारिस गर्दा शुल्क नलिने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास १२ स्थित देउराली सामुदायिक सिकाई केन्द्रको रिक्त परिचालिकाको लागि नियमानुसार ७ दिने सूचना प्रकाशित गरी नियुक्ति प्रकृया अघि बढाउन शिक्षा तथा सामाजिक विकास शाखालाई अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं. २३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० स्थित बैरेनीमा एकीकृत जग्गा विकास कार्यक्रम सञ्चालनको लागि नगर विकास कोष र नगरपालिका बीच सम्झौता भएकोमा उक्त योजनाको पहिलो चरणको निर्माण कार्य सम्पन्न भएको र दोस्रो चरणको निर्माण कार्यको लागि प्राविधिक लागत अनुमान रू.१२,३८,१६,१४०। को प्रस्ताव नगर विकास कोषमा सहमतिको लागि पठाइएकोमा नगर विकास कोषबाट मिति २०८०/९/८, चलानी नं. ७६२ पत्र मार्फत सहमति प्राप्त भएको हुँदा दोस्रो चरणको निर्माण कार्यको ठेक्का प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा २०८० मंसिर मसान्तसम्म कुल आन्तरिक आय रू.६,६५,८५,९०७/९२ (छ करोड पैसट्ठी लाख पचासी हजार नौ सय सात र पैसा बयानब्बे) भएको राजश्व व्यवस्थापन शाखाबाट बैठकमा विवरण प्राप्त गरी जानकारी लिइयो ।

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८१/०८२ का लागि संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको प्रस्ताव २०८० माघ मसान्तभित्र नेपाल सरकार राष्ट्रिय योजना आयोगबाट माग भई आएकाले प्राथमिकता प्राप्त योजनाहरुको विस्तृत प्रस्ताव तयार गरी नगर सभाबाट स्वीकृत गराई प्रस्ताव अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित जग्गाको यस अघिको वर्गीकरणलाई पुनरावलोकन गरी निम्नानुसार वर्गीकरण गर्ने निर्णय गरियो ।

(क) वडा नं.१३ बस्ने मुसी सारु मगरको नाउँमा रहेको वडा नं.१३ साविक केशवटार ६/घ कि.नं.१८ मा भएको कित्ता कृषिबाट गैह्र कृषि बनाउने ।

(ख) वडा नं.१३ को नवाङ डोल्मा शेर्पा पुनको नाउँमा रहेको साविक केशवटार ७/ख कि.नं.५०० मा भएको कित्ता कृषिबाट गैह्र कृषि बनाउने ।

(ग) वडा नं.१० बस्ने पूर्णकला घर्तीको नाउँमा रहेको वडा नं.१० साविक फराकचौर ८/ख कि.नं.१४३१ मा भएको कित्ता कृषिबाट गैह्र कृषि बनाउने ।

(घ) हिमालराज पौडेलको नाउँमा रहेको वडा नं.८ साविक दलभञ्ज्याङ्ग ४/ख कि.नं.३६ मा भएको कित्ता कृषिबाट गैह्र कृषि बनाउने ।

(ङ) वडा नं.१० बस्ने बाले कुमालको नाउँमा रहेको साविक फराकचौर नक्सा नं.७/क कि.नं.१२८ को कित्ता कृषिबाट गैह्र कृषि बनाउने ।

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका विपद्जन्य एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो । उक्त कार्यकमहरु सञ्चालन गर्दा नियमानुसार सम्बन्धित शाखासँग सम्पर्क गरी सम्झौता गर्ने र कार्य सम्पन्न भएपश्चात् सम्बन्धित वडाबाट कार्यसम्पन्न भएको भनी भुक्तानीको लागि सिफारिस पत्र ल्याउनु पर्नेछ ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | व्यास न.पा. तमु सुधार समिति ल्होसार पर्व व्यवस्थापन | ३ | ६०,०००। | १३० |
| २. | तनहुँ खिष्टियन समाज, रक्तदान कार्यक्रम सहयोग | ३ | २५,०००। | ७२ |
| ३. | नारायणी अधिकारी, कृति प्रकाशन सहयोग | ४ | २५,०००। | १३० |
| ४. | समृका जुत्ता चप्पल उद्योग सहयोग (सोमबहादुर अछामी) | ४ | ५०,०००। | १२४ |
| ५. | चुदेर हाडिगाउँ टोल खानेपानी मोटर खरिद भुक्तानी | ५ | २,२०,०००। | ८३० |
| ६. | पतेनी आधारभूत स्वास्थ्य केन्द्र कार्यालय मर्मत समेत | ५ | ६९,०००। | ८२१ |
| ७. | भार्लाङि खोल्सी खानेपानी योजना | ५ | २०,०००। | ८३० |
| ८. | शिवलाल श्रेष्ठको भैंसी अचानक मृत्यु राहत | ६ | ३०,०००। | विपद |
| ९. | श्याम्घा स्वास्थ्य चौकी भऱ्याङ्ग, धारा जडान समेत | ६ | ४५,०००। | ८२१ |
| १०. | गिता नेपाली, आगलागीबाट पराल नष्ट भएको | ७ | १०,०००। | विपद |
| ११. | तमु ल्होसार फुटवल खेल प्रतियोगिता व्यवस्थापन | ८ | ३५,०००। | १३१ |
| १२. | सालडाँडा टोल सडक बत्ती व्यवस्थापन | ९ | ३५,०००। | ८२४ |
| १३. | दुम्सीकोट अधुरो भ्यूटावर ढोका, रेलिङ्ग निर्माण | १० | १,५०,०००। | १३४ |
| १४. | अनन्त व्यास नौमती बाजा समूह, बाजा खरिद | १० | १,३०,०००। | १२४ |
| १५. | नारेश्वर ताल माटो सफाई ल.ई. अनुसार | १० | ११,००,०००। | ८५१ |
| १६. | विष्णुमाया पोखेल, सिँचाई पाइप खरिद | ११ | १०,०००। | ८२३ |
| १७. | चन्द्रबहादुर तामाङ्ग, सिँचाई पाइप उपलब्ध | ११ | ८,०००। | ८२३ |
| १८. | विष्णु अछामी, हिंसा निवारण कोष सहयोग | ११ | १५,०००। | १०० |
| १९. | विपन्न दलित समेत २८ परिवारलाई वडागत बजेटबाट स्वास्थ्य बिमा | ११ | १,००,०००। | २१७ |
| २०. | दुर्गाबहादुर न्यौपाने, मोटर विद्युत तार जलेर नष्ट राहत | १२ | ३०,०००। | विपद |
| २१. | घ्याजदी क्रिन्चे खानेपानी मोटर खरिद | १३ | ५०,०००। | ८३१ |
| २२. | दलित समुदायलाई परम्परागत कर्मकाण्ड तालिम व्यवस्थापन | | १,२५,०००। | १२४ |
| २३. | भानु प्रतिष्ठान सहयोग | | ३५,०००। | १३० |
| | जम्मा | | २३,७७,०००। | |

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा यस बैठकमा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय श्रोत परिचालन समन्वय शाखाको मिति २०८०/९/५ को पत्र अनुसार प्रतिवद्धता पेश गर्ने सम्बन्धमा नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को दफा ४० (२) बमोजिम व्यास नगरपालिका सूचीकृत भएकाले उक्त कार्यविधिलाई पूर्ण पालना गर्ने प्रतिवद्धता गर्दै कार्यक्रमको दफा ५२ बमोजिम नगर प्रमुखको संयोजकत्वमा व्यास नगरपालिका आर्थिक विकास प्रवर्द्धन समिति र दफा ५३ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा प्राविधिक समिति समेत गठन गरी प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.२९:** प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०८०/०८१ को लागि व्यास नगरपालिका तथा पशुपंक्षी क्षेत्र तर्फ संघीय सशर्त अनुदान अन्तर्गत विभिन्न कार्यक्रमहरु प्राप्त भई सो कार्यक्रमहरु सञ्चालन गर्न प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरित पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८० अनुसार कार्यक्रम कार्यान्वयन गर्न तपसिल बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

(१) संयोजक – आर्थिक विकास समिति संयोजक
(२) सदस्य – प्रमुख प्रशासकीय अधिकृत
(३) सदस्य – कृषि व्यवसाय प्रवर्द्धन समिति प्रतिनिधि

(४) सदस्य – कृषि, पशुपंक्षी तथा सहकारी विकास शाखा प्रमुख
(५) सदस्य-सचिव – कृषि विकास उपशाखा/पशुपंक्षी विकास उपशाखा कर्मचारी

**निर्णय नं.३०:** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका जलश्रोत कार्यविधि, २०७८ को निम्न दफाहरु संशोधन गर्ने निर्णय गरियो ।

| क.सं. | हाल कायम रहेको | संशोधन गरिनुपर्ने |
|---|---|---|
| १. | कार्यविधिको दफा २४ मा नयाँ अनुमति पत्र लिनुपर्ने : कार्यविधि प्रारम्भ हुनु अगावैदेखि जलश्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठित संस्थाले पनि दफा १७ मा उल्लेखित विवरणहरु खुलाई | कार्यविधि प्रारम्भ भएको मितिले एक वर्षभित्र सम्बन्धित नगर जलश्रोत उपयोगको अनुमति पत्रको लागि दरखास्त दिनेछ । |
| २. | हटाई दिनेछ । | हटाई दिन पर्नेछ । |

**निर्णय नं.३१:** प्रस्ताव नं.३१ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको लागि रिक्त रहेको कृषि सेवा अन्तर्गत नायव प्राविधिक सहायक (सहायकस्तर चौथो) पद सेवा करारमा लिने कार्यका लागि मिति २०८०/९/५ गतेको अन्तरवार्ताबाट सफल उम्मेदवार व्यास नगरपालिका वडा नं.१३ निवासी श्री स्मृति सुनारलाई रू.२१,८५०। मासिक पारीश्रमिक उपलव्ध गराई सेवा करार सम्झौता गरी कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं.३२:** प्रस्ताव नं.३२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ मा एपेक्स हस्पिटालिटीद्वारा प्रवर्द्धन गर्न लागिएको होटल सिद्धार्थको वातावरणीय प्रभाव मूल्याङ्कन बमोजिम व्यास नगरपालिका क्षेत्रभित्र आर्थिक गतिविधि चलायमान हुने हुँदा सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.३३:** प्रस्ताव नं.३३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा रहेका आ.व.२०६३/०६४ देखि आ.व.२०७६/०७७ सम्मका पुराना कागजहरु सरकारी कागज धुल्याउने नियमावली, २०७० को नियम ३ बमोजिम धुल्याउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३४:** प्रस्ताव नं.३४ का सम्बन्धमा छलफल हुँदा यस आ.व.मा कृषि तर्फको किसान सूचीकरण कार्यक्रमको लागि रू.२ लाख बजेट मात्र प्राप्त भएकोले नयाँ सहजकर्ता नियुक्ति तथा व्यवस्थापन गरी किसान सूचीकरण कार्यक्रम कार्यान्वयन गर्न विनियोजित बजेटबाट अपुग हुने देखिएकोले २०८० मंसिर २२ तथा पौष ११ गतेको किसान सूचीकरण कार्यक्रम कार्यान्वयन तथा समन्वय समितिको निर्णय बमोजिम विगतका वर्षहरुमा छनौट भई कार्यक्रममा सहभागी भएका सहजकर्ताहरु मध्येबाट उत्कृष्ट काम गरी यस आ.व.मा कार्यक्रममा सहभागी हुन इच्छुक भई सो समितिबाट छनौट भएका तपसिलका सहजकर्ताहरुलाई नियुक्ति गर्न सिफारिस गर्ने निर्णय गरियो ।

| क.सं. | नाम | ठेगाना | सम्पर्क नं. | किसान सूचीकरण प्रणालीमा प्रविष्ट गरेको पूर्ण तथ्याङ्क संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री जोशिना सुवेदी | व्यास-१३ | ९८२६२३४८४२ | २४४ | |
| २. | श्री रन्जु थापा | ऋषिङ गा.पा.-७ | ९८२६२५९६८३ | २६७ | |
| ३. | श्री संगिता दुलाल | व्यास -१३ | ९८०४१४४०९९ | ४११ | |
| ४. | श्री राकेश विष्ट | व्यास -१० | ९८०३१५४७३५ | २५४ | |

**निर्णय नं.३५:** प्रस्ताव नं.३५ का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०७८/०७९ को म.ले.प. प्रतिवेदन दफा ५५ मा कर्मचारी, जनप्रतिनिधि अध्ययन भ्रमण शीर्षक अन्तर्गत कायम हुन आएको वेरुजु रू.९,५७,६४२। मध्ये भ्रमण खर्च नियमावली, २०६४ लाई आधार मान्दा कर्मचारी, जनप्रतिनिधि र टोल विकास संस्थाका पदाधिकारी प्रतिनिधिहरुले पाउने भ्रमण खर्च सुविधा नियमावलीमा उल्लेख भए अनुसार

नै हुने र यातायात सवारी साधन भाडाका सम्बन्धमा प्रचलित बजारभाउलाई बुझ्दा कर समेत प्रतिदिन रू.२५,०००। भन्दा बढी नबढ्ने गरी कायम गर्ने र हिसाब गर्दा भ्रमण नियमावली, २०६४ ले व्यवस्था गरेको भ्रमण भत्ताभन्दा बढी हुन आएको रकम वेरुजु दाखिला गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३६:** प्रस्ताव नं.३६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा देहाय बमोजिम प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम TVET सञ्जाल गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (१) संयोजक | –श्री इन्दिरा दरै | - उपप्रमुख |
| (२) सदस्य | –श्री काजीमान श्रेष्ठ | - संयोजक समाजिक विकास समिति |
| (३) सदस्य | –श्री राजेन्द्र कार्की | - रोजगार संयोजक |
| (४) सदस्य | –श्री मनोज विश्वकर्मा | - कृषि, पशु विकास तथा सहकारी शाखा प्रमुख |
| (५) सदस्य | –श्री सकुन्तला आले | - रोजगारदाता व्यास २ |
| (६) सदस्य | –श्री कल्पना गौली | - रोजगारदाता व्यास २ |
| (७) सदस्य | –श्री होम बहादुर | - रोजगारदाता व्यास १३ |
| (८) सदस्य-सचिव | –श्री नविन पराजुली | - शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख |

**निर्णय नं. ३७:** प्रस्ताव नं. ३७ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा स्वीकृत नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन गर्न लागत साझेदारीताको लागि प्रतिवद्धता सम्बन्धमा मन्त्रालयको च.नं. ३१ मिति २०८०/९/५ को प्राप्त पत्रानुसार १ करोडसम्मको कार्यक्रमका लागि २५% लागत साझेदारीता गर्न पूर्ण प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो । उक्त साझेदारीता रकम सम्बन्धमा व्यास नगरपालिका आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत कार्यक्रम तथा बजेटको शीर्षक नं.१०४ क.सं.१२० मा रोजगार प्रवर्द्धन सहयोग कार्यक्रमका लागि सहभागीता भनी रू.२५,००,०००। विनियोजन भएको अवगत गराउँदै कार्यविधिमा उल्लेख गरिएका विभिन्न कार्यक्रमहरु मध्ये यस आर्थिक वर्षका लागि स्थानीय आवश्यकताका आधारमा देहाय बमोजिम कार्यक्रमहरु सञ्चालन गर्ने गरी प्रस्ताव तयार गर्न उद्योग, पर्यटन, श्रम तथा रोजगार शाखा र कृषि, पशुपंक्षी तथा सहकारी विकास शाखालाई जिम्मेवारी तोक्ने समेत निर्णय गरियो ।

तपसिल

१. प्राङ्गरिक र जैविक मल उत्पादन तथा बजारीकरण कार्यक्रम ।
२. कृषि हाटबजार व्यवस्थापन तथा बजारीकरण सम्बन्धी कार्यक्रम ।
३. सामुदायिक तथा सहकारी बिक्री कक्ष स्थापना ।
४. फलफूल तथा तरकारीको नर्सरी स्थापना र विकास ।
५. व्यवसायिक परामर्श सेवा केन्द्र स्थापना तथा उद्योग प्रवर्द्धन सम्बन्धी कार्यक्रम ।
६. उद्यम विकास योजना निर्माण तथा आर्थिक स्रोतको नक्साङ्कन ।
७. ग्रामीण पर्यटन प्रवर्द्धनका लागि होमस्टे विकास कार्यक्रम ।
८. वैदेशिक रोजगारी सम्बन्धी सूचना तथा परामर्श, सामाजिकीकरण, व्यवसायीकरण ।
९. उद्यमशीलता प्रवर्द्धन, सीप विकास तालिम तथा रोजगारीमा आवद्धता सम्बन्धी कार्यक्रम ।
१०. उद्यमीहरका लागि प्रविधिमा पहुँच र बजारीकरण ।
११. वैकल्पिक झोला तथा सिलाई बुनाई ।

**निर्णय नं.३८:** प्रस्ताव नं.३८ का सम्बन्धमा छलफल हुँदा गत आथिक वर्ष २०७८/०७९ को म.ले.प. प्रतिवेदन दफा नं.५५ लाई अध्ययन गरी हेर्दा सोही आ.व. मा कर्मचारीहरु र जनप्रतिनिधिहरुबाट गरिएको अध्ययन अवलोकन भ्रमण खर्च, भ्रमण नियमावली, २०६४ मा व्यवस्था भए बमोजिम नै भएको हुँदा तपसिलमा उल्लेखित विवरण अनुसार सम्परीक्षण गरिदिनु हुन भनि म.ले.प.लाई अनुरोध गर्ने निर्णय गरियो ।

| भ्रमणको विषय र वडा नं. | खर्च भौचर नं. | भ्रमण गर्दा भएको खर्च रकम रू. | म.ले.प. प्रतिवेदनले देखाएको खर्च गर्न पाउने रकम रू. | वस्तविक खर्चको यथार्थ विवरण | | | | | | दाखिला गर्नुपर्ने बढी खर्च रू. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | भ्रमण अवधि | भ्रमण गर्ने संख्या | नियम बमोजिमको भ्रमण खर्च | सवारी साधन भाडा | यथार्थ खर्च रू. | फरक रकम रू. | |
| अगुवा कृषक भ्रमण वडा नं. ११ | ३३७ | जम्मा खर्च रु.१,८२,५८०।०० मध्ये (३३,४८०) वडा व्यवस्थापन खर्च घटाउंदा भ्रमण खर्च रू. १,४९,१००।०० | रू.१,२९,०००।०० | २ दिन | ४६ जना | विविध खर्च समेत रु.८२,३५०।०० | रू.५०,०००।०० | रू.१,३२,३५०।०० | प्रतिवेदनमा बढी रू.३,३५०।०० | रू.१६,७५०।०० |
| अवलोकन भ्रमण वडा नं. १२ | ५२९ | रू.२,४७,९३५।०० | रू.१,५९,०००।०० | ३ दिन | ३५ जना | विविध खर्च समेत रू.१,१०,३७५।०० | रू.७५,०००।०० | रू.१,८५,३७५।०० | प्रतिवेदनमा बढी रू.२,६३,३७५।०० | रू.६२,५६०।०० |
| वडा नं. ६ अवलोकन भ्रमण | ६१५ | रू.२,३४,५८०।०० | रू.१,५९,०००।०० | ३ दिन | ४२ जना | विविध खर्च समेत रू.१,२२,६४०।०० | रू.७५,०००।०० | रू.१,९७,६४०।०० | प्रतिवेदनमा बढी रू.३८,६४०।०० | रू.३६,९४०।०० |
| न.पा. कर्मचारीहरुको भ्रमण अवलोकन खर्च | ७१५ | रू.३,३१,०००।०० | रू.१,६६,४००।०० | ५ दिन | ३४ जना | विविध खर्च समेत रू.२,०६,०००।०० | रू.१,२५,०००।०० | रू.३,३१,०००।०० | प्रतिवेदनमा बढी रू.१,६४,६००।०० | बढी खर्च नभएको |
| जनप्रतिनिधिहरु समेत अध्ययन अवलोकन भ्रमण | ८१३ | रू.६,९५,८३७।०० | रू.५,७१,६२५।०० | ५ दिन | ४९ जना | विविध खर्च समेत रू.४,४६,६२५।०० | रू.१,२५,०००।०० | रू.५,७१,६२५।०० | रू.०।०० फरक छैन | रू.१,२४,२१२।०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| अवलोकन भ्रमण वडा नं. २ | ८५१ | रू.३,१५,०००।०० | रू.१,७२,५००।०० | ३ दिन | ३४ जना | विविध खर्च समेत रु.१,०२,३७५।०० | रू.७५,०००।०० | रू.१,७७,३७५।०० | प्रतिवेदनमा बढी रू.४,८७५।०० | रू.१,३७,६२५।०० |
| अवलोकन भ्रमण वडा नं. ३ | ९१७ | रू.३,००,०००।०० | रू.१,९३,८७५।०० | ५ दिन | २५ जना | विविध खर्च समेत रू.१,३४,२५०।०० | रू.१,२५,०००।०० | रू.२,५९,२५०।०० | प्रतिवेदनमा बढी रू.६५,३७५।०० | रू.४०,७५०।०० |
| अवलोकन भ्रमण वडा नं. १० | ९८४ | रू.२,९९,२१०।०० | रू.१,९१,१००।०० | ३ दिन | ३९ जना | विविध खर्च समेत रू.१,१६,८४०।०० | रू.७५,०००।०० | रू.१,९१,८४०।०० | प्रतिवेदनम बढी रू.७४०।०० | रू.१,०७,३७०।०० |
| जनप्रतिनिधि कर्मचारी समेत अवलोकन भ्रमण वडा नं. ९ | १५७६ | रू.२,५०,०००।०० | रू.१,५६,०००।०० | ३ दिन | २९ जना | विविध खर्च समेत रू.८४,३६०।०० | रू.७५,०००।००० | रू.१,५९,३६०।०० | प्रतिवेदनमा बढी रू.३,३६०।०० | रू.९०,६४०।०० |
| कूल जम्मा | | रू.२८,२२,६६२।०० | रू.१८,९८,५००।०० | | ३३३ जना | रू.१४,०५,८१५।०० | रू.८,००,०००।०० | रू.२२,०५,८१५।०० | रू.३,०७,३१५।०० | रू.६,१६,८४७।०० |

****